# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## (शिक्षा, युवा तथा खेलकुद शाखा)

आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४८५८३१३८
९८६८२९४३९०

Website:
www.aathbiskotmun.gov.np

पत्र संख्या: २०७७/०७८
चलानी नम्बर ः २०२.......

मिति: २०७७/०४/२५

विषयः- सेनेटरी प्याड वितरण सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु (६-१२ सबै)
आठविसकोट नगरपालिका
रुकुम पश्चिम

प्रस्तुत विषय सम्बन्धमा यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय (६-१२) मा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यबस्थापन सामाग्री उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छाडने समस्या समाधान गर्न, गुणस्तरीय शिक्षाको प्रत्याभुति गर्ने प्रयोजनको लागि उपलब्ध सेनेटरी प्याड यस नगरपालिका स्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिको बैठकको २०७७/०४/२४ गतेको निर्णयानुसार श्रावण २७ गते देखि यस नगरपालिकाबाट बुझिलिई सेनेटरी प्याड (वितरण तथा व्यबस्थापन) कार्यविधि, को दफा १६ र दफा १७ मा भएको देहाय बमोजिम व्यवस्था अनुसार गर्नु गराउनुहुन जानकारी गराइन्छ ।

<u>सेनेटरी प्याड (वितरण तथा व्यबस्थापन ) कार्यविधि, २०७६ को दफा १६ र दफा १७ भएको व्यबस्था ।</u>

१६. विद्यालय सेनेटरी प्याडको प्राप्ति, सुरक्षित भण्डारण, वितरण, सदुपयोग तथा किशोरी स्वास्थ्य र प्रजनन सम्बन्धी सचेतनाका लागि देहायबमोजिम एक विद्यालयस्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति रहने छः-

| | |
|---|---|
| क) प्रधानाध्यापक | - संयोजक |
| ख) स्वास्थ ,जनसंख्या र वातावरण वा सामाजिक विषयका शिक्षक एकजना | -सदस्य |
| ग) महिला शिक्षक | -सदस्य |
| घ) प्रधानाध्पकले तोकेका किशोरी छात्राहरुका प्रतिनिधि दुइजना | -सदस्य |
| ङ) विद्यालय रहेको क्षेत्रको स्वास्थ्य स्वयमंसेविका | -सदस्य |
| च) विद्यालयका सम्पर्क व्यक्ति | -सदस्य सचिव |

२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति ,समय,र स्थानमा बस्नेछ।

३) समितिको बैठक आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

४) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

१७. विद्यालयस्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिको काम ,कर्तव्य र अधिकारः
विद्यालयस्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिका काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-


E-mail: aathbiskotmun073@gmail.com info@aathbiskotmun.gov.np ito.aathbiskotmun@gmail.com

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## (शिक्षा, युवा तथा खेलकुद शाखा)
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**सम्पर्क नं.**
९७४८५८३१३८
९८६८२९४३९०

**Website:**
www.aathbiskotmun.gov.np


पत्र संख्या: २०७७/०७८ मिति: २०७७/०४/२५
चलानी नम्बर : .........

क) विद्यालयका छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने सेनेटरी प्याड स्थानीय तहसँग माग गर्ने,

ख) विद्यालयमा प्राप्त सेनेटरी प्याडको अभिलेख राखी आवश्यकता अनुसार छात्राहरुलाई वितरण गर्ने,

ग) वातावरण प्रतिकुल असर नपर्ने गरी सेनेटरी प्याड विसर्जनको व्यवस्था मिलाउने,

घ) सेनेटरी प्याडको सदुपयोग,विसर्जन ,र महिनावारी व्यवस्थापन सम्वन्धमा शिक्षक ,छात्रा तथा अन्य सरोकारवालाहरुलाई सचेतना सम्बन्धी कार्यक्रम संञ्चालन गर्ने

ङ) अन्य आवश्यक कार्य गर्ने ,

इन्द्र बहादुर विष्ट
शिक्षा अधिकृत